त्रिभुवन विश्वविद्यालय

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या

च.नं. ११९८/०७५/०७६

मिति : २०७६/३/१५

श्रीमान् ..............................ज्यू,

............................ केन्द्रीय विभाग/क्याम्पस

..............................................।

**बिषय : पूर्व स्वीकृति सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा शैक्षिक सत्र २०७६/०७७ मा विद्यावारिधि अध्ययन गर्न चाहनुहुने त्यस विभाग/क्याम्पसका शिक्षक/कर्मचारीहरुले त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० तथा शिक्षाध्यक्षको कार्यालय समन्वय महाशाखाको परिपत्र अनुसार पूर्वस्वीकृति लिनुपर्ने प्रावधान रहेकाले विद्यावारिधि गर्न इच्छुक शिक्षक/कर्मचारीहरुले २०७६ असारमसान्त भित्रमा पूर्वस्वीकृतिका लागि त्रि.वि. समन्वय महाशाखामा आवेदन दिनुपर्ने जानकारी सम्बन्धित सबैलाई गराइदिनहुन समन्वय महाशाखाको परिपत्रसहित अनुरोध गर्दछु ।

..................

प्रा.डा.रामनारायण झा

सहायक डीन

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
Office of the Rector

# समन्वय महाशाखा
# COORDINATION DIVISION

कीर्तिपुर, काठमाडौं
नेपाल
टेलिफोनः ४-३३१०४४

Kirtipur, Kathmandu
Nepal
Tel.: 977-1-4331044

पत्र संख्या / Ref. No.: स.शा.फा.नं.( )च.नं. ६३१-०६५-०६६

मिति / Date: २०७५।८।१७

दर्ता ६९३।९५।१७६
१५।८।१२

१. श्री विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर ।
२. श्री कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर । (काठमाडौं सम्पर्क कार्यालय, ~~कीर्तिपुर~~ सानेपा ।)
३. श्री वन विज्ञान अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर । (काठमाडौं सम्पर्क कार्यालय, कीर्तिपुर ।)
४. श्री मानविकी तथा सामाजिकशास्त्र संकाय, त्रि.वि., बल्खु ।
५. श्री व्यवस्थानपन संकाय, त्रि.वि. कीर्तिपुर ।
६. श्री शिक्षाशास्त्र संकाय, त्रि.वि., ~~कीर्तिपुर~~ । बल्खु
७. कानून संकाय, त्रि.वि., प्रदर्शनीमार्ग, काठमाडौं ।
८. आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा), त्रि.वि., कीर्तिपुर ।
९. श्री नेपाल र एशियाली अनुन्धान केन्द्र (सिनास), त्रि.वि., कीर्तिपुर ।
१०. श्री व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकाष्ट), त्रि.वि., कीर्तिपुर ।
११. श्री शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), त्रि.वि., ~~कीर्तिपुर~~ । बल्खु

**विषय : परिपत्र सम्वन्धमा ।**

प्रस्तुत विषयमा समन्वय महाशाखाले गर्ने तपशिलको काम कारवाहीमा पटक/पटक समस्या भएकोले नयाँ तथा पुराना निर्णय अनुसार उक्त काम कारवाही गर्न यो परिपत्र पठाएको व्यहोरा अनुरोध छ । सो सम्वन्धमा आफ्ना मातहतका सम्वन्धित निकायहरुमा समेत जानकारी गराइ दिने व्यवस्थाको लागि पनि अनुरोध गर्दछु । परिपत्र यसै साथ संलग्न गरिएको छ ।

श्री प्रशासन
निकायहरुमा परिपत्र
पठाउने
७५।८।१८

...(signature) २०७५।८।१७
माधवी शाह
प्रमुख

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
Office of the Rector
समन्वय महाशाखा
COORDINATION DIVISION

कीर्तिपुर, काठमाडौं
नेपाल
टेलिफोनः ४-३३१०४४

Kirtipur, Kathmandu
Nepal
Tel.: 977-1-4331044

पत्र संख्या / Ref. No.:

मिति / Date:

१) **अध्ययन बिदाः**

क) शिक्षक/कर्मचारीहरु अध्ययन विदा बस्नु भन्दा अगाडी सम्वन्धित शिक्षण संस्था तथा विश्वविद्यालयलाई परिपत्र गर्न पूर्व स्वीकृति अनिवार्य लिनु पर्नेछ ।

ख) पूर्व स्वकिृति वर्षको दुई पटक प्रत्येक वर्षको आषाढ मसान्तसम्म प्राप्त आवेदनहरुलाई त्यसै वर्षको श्रावण महिनामा र सोही वर्षको माघ मसान्तसम्म प्राप्त आवेदन सोही वर्षको फाल्गुण महिनामा कारवाही टुंग्याइ पूर्व स्वीकृति प्रदान गर्ने निर्णय २०६७।६।१८ जनशक्ति विकास तथा कल्याण कार्य समितिको बैठकले १३७ को निर्णय अनुसार गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना पठाइएको ।

२) **स्वाध्यायन बिदा सम्वन्धमाः**

उक्त विदा उपभोग गरी प्रतिवेदन नबुझाउने शिक्षकहरुको हकमा मिति २०७५।६।१८ गते शिक्षाध्यक्षस्तरिय निर्णयानुसार २०७० सालभन्दा अगाडी उक्त बिदामा बसी प्रतिवेदन नबुझाउनेहरुले निजहरुको अनिवार्य अवकास तथा राजिनामा वा कुनै परिस्थितिबाट सेवाबाट बाहिरिदा कम्तिमा ३ (तीन) महिना अगाडी उक्त प्रतिवेदन यस महाशाखामा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । अन्यथा भएमा उक्त प्रतिवेदन मान्य नहुने सूचना सम्वन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।